# पाठ - 2

## الدرس الثاني - نيبالي

### أنواع النجاسة

## अपवित्रताको प्रकार

अपवित्रता धेरै प्रकारको हुन्छ, त्यस मध्ये :

**क** - दिसा पिशाब ।

**ख** - वदी, अर्थात पिशाब पछि निस्कने सेतो रंगको गाढा तरल पदार्थ ।

**ग** - मजी, अर्थात कामवासनाको समयमा निस्केको सेतो रंगको लैसदार तरल पदार्थ ।

मनी (वीर्य) यो चाहिं पवित्र छ तर यदि भिजेको छ भने त्यसलाई धुनु उचित छ, र यदि सुकेको छ भने त्यसलाई दलनु पर्छ ।

**घ** - जुन् जनावरहरुको मासु खानु जायज छैन त्यसको गोबर र पिशाब, तर जुन् जनावरहरुको मासु खानु जायज छ भने त्यसको पिशाब र गोबर अपवित्र छैन ।

**ङ** - मासिक धर्म र प्रसौतको रगत ।

उपरोक्त सबै अपवित्रताहरुलाई धुनु र शरीर र लुगाबाट हटाउनु जरुरी हुन्छ ।

र मजी यदि लुगामा लागेको छ भने त्यसलाई पानीको फोहारा दिएर नै भई हाल्छ

## अपवित्रताको आदेशहरू ।

१ - यदि कसैलाई कुनै यस्तो फोहोर लागेको छ जसको बारेमा उसलाई थाहा छैन कि त्यो अपवित्र हो कि होइन भने त्यसको बिषयमा सोध्नु जरुरी छैन, र त्यसलाई धुनु पनि जरुरी छैन, किन भने असलमा सबै कुराहरु पवित्र हुन्छन् ।

२ - यदि कुनै व्यक्तिले नमाज पढिसके पछि आफ्नो शरीरमा वा लुगामा अपवित्रता देख्यो जसको बारेमा अघिदेखि त्यसलाई जानकारी थिएन वा बिर्सेको थियो भने त्यसको नमाज सही हुन्छ त्यसलाई दोहर्याउनु पर्दैन ।

३ - जसको लुगामा अपवित्रताको ठाउँ स्पष्ट हुदैन भने त्यसलाई खोज्ने प्रयास गर्नु पर्छ र अनुमान अनुसार अपवित्रताको ठाउँलाई सफा गर्नु पर्छ, किन कि अपवित्रता चाहिं महसुस हुने कुरा हो, जसको स्वयं आफ्नो एउटा रंग, स्वाद, र गंध हुन्छ तर यदि थाहा भएन भने पुरै लुगा धुनु पर्छ ।